विद्युत् बन्द भएपछि फेरि झरो र टुकीकै भर

डीबी बिष्ट/ राजधानी
बझाङ

मष्टा गाउँपालिकाको सबैभन्दा विकट वडा ७ का दर्य, उदापालि, तल्ला ठकुन्ना र मल्लो ठकुन्नाका स्थानीय विद्युत् आपूर्ति नहुँदा 'टुकी युग'मै फर्केका छन्।

गाउँमा विद्युत् नहुँदा जंगलबाट झरो र निगालोको भर पर्नुपर्थ्यो। २०६५ देखि २०७७ सालसम्म गाउँमा विद्युत् बलेपछि त्यस समस्याबाट गाउँलेले छुटकारा पाएका थिए। तर, २०७७ सालमा नहर भत्किएपछि स्थानीय पुरानै शैलीमा झरो र निगालोको भर पर्नुपरेको हो।

२०६५ सालमा मधिल्लो रिलुगाड लघु जलविद्युत्को काम सुरु भयो। झन्डै १ करोड ३० लाखको लागतमा जलविद्युत् आयोजना सम्पन्न भयो। गाउँमा बिजुली बलेपछि स्थानीय दंग भए। जंगलमा पाइने झरो र निगालोको भर पर्नुपर्ने वर्षौंदेखिको झन्झट टर्‍यो। झरो र निगालो खोज्न नपर्ने भयो।

घरघरमा बिजुली बल्यो। विद्यार्थीलाई अध्ययन गर्न, मोबाइल चार्ज गर्न र हरेक घरायसी काम गर्न निकै सहज भयो। तर, पछिल्ले विद्युत् बालेका गाउँले अहिले अन्धकारमा बस्न बाध्य छन्।

माथिल्लो रिलुगाड लघु जलविद्युत् आयोजनाको झन्डै एक किलोमिटर नहर भत्किएपछि स्थानीय अन्धकारमा बस्न बाध्य भएका छन्। स्थानीय सरकारले



विद्युत् पुनर्निर्माण गर्न चासो नदिएका गाउँले अन्धकारमा जीवन बिताइहेका छन्। राति आफ्ना छोराछोरीलाई अध्ययन गर्न घरमा उज्यालो पार्न गाउँले जंगलमा गएर झरो, निगालो सकलन गर्छन्। अहिले मोबाइल चार्ज गर्नसमेत नजिकै रहेको विद्यालयमा जानुपर्ने बाध्यता छ।

कि सोलार भएको घरमा गएर पालो कुरेर मोबाइल चार्ज गर्नुपरेको स्थानीय ईश्वरबहादुर जेठारा बताउँछन्। 'विद्युत् निर्माण भएको झन्डै एक दशकसम्म गाउँलेले बाल्न पाए। तर, २०७७ सालमा विद्युत्को नहर झन्डै एक किलोमिटर भत्किएपछि हामी अन्धकारमा बस्न बाध्य भएका छौं,' उनी भन्छन्।

नहर पुनर्निर्माण गर्न लाखौं खर्च हुने देखिन्छ। गाउँले पैसा उठाएर काम गर्न सकिने अवस्था छैन। सरोकारवाला निकायको ध्यान गएको पाइँदैन। घरघरमा विद्युत्का तार विस्तार भएका छन् तर बत्ती बल्दैन। विद्युत्को नहर भत्केको तीन वर्ष भयो।

गाउँमा केही हुनेखाने आर्थिक अवस्था रामो भएकाले सोलार राखेका छन्। केही स्थानीयले उनीहरूकोमा मोबाइल चार्ज गर्नुपर्ने बाध्यात्मक परिस्थिति छ। गाउँलेका हातमा मोबाइल हुन्छ र चार्ज नभएका कारण समस्या झेल्नुपरेको छ। विद्यार्थीलाई अध्ययन गर्न र गृहकार्य गर्न समस्या छ।

यता, वडा ७ का अध्यक्ष धनबहादुर जेठारा भने सामान्य मर्मत गर्न सकेको खण्डमा विद्युत् बल्ने बताउँछन्। उनका अनुसार पावरहाउसमा भएका केही सामान बिग्रिएका छन्। ती सामान मर्मत र केही नयाँ खरिद गर्न सके नियमित बल्छ।

आफूले यसका लागि गत वर्ष १ लाख र चालु वर्ष पनि १ लाख बजेट विनियोजन गरेको अध्यक्ष जेठारा बताउँछन्। 'वडामा कुल ७ लाख पाएको थिएँ, १ लाख बजेट विद्युत्मा विनियोजन गरेको छु, यो बजेट अभाव हुन्छ, त्यही कारण नै विद्युत् बन्द हुन पुगेको हो,' उनी भन्छन्, 'पालिकासँग यस विषयमा पटकपटक समन्वय र सहकार्य गरी विद्युत् सञ्चालनका लागि आग्रह गर्दै आएको छु तर सुनुवाइ भएको छैन।'

उता, मष्टा गाउँपालिका अध्यक्ष ज्ञानबहादुर बोहराले विद्युत् सञ्चालनका लागि पालिकाले यस वर्ष १ लाख बजेट विनियोजन गर्न बताए। तर विद्युत् विषयमा वडा वा पालिकाबाट वर्षौंपिच्छे बजेट विनियोजन गर्दै आए पनि दिगो रूपमा सञ्चालन हुन नसकेका कारण विकल्प खोज्न जरुरी रहेको उनले औंल्याए। सो आयोजना विद्युत् उपभोक्ता समितिले चलाउने गरेको बताउँदै बोहराले पालिका वा वडाले वर्षौंपिच्छे बजेट विनियोजन गर्नुभन्दा दिगो व्यवस्थापनका लागि समितिले सोच्नुपर्ने अवस्था आएको सुझाए।

'विद्युत् कि त वडा र पालिकालाई जिम्मा दिनुपर्छ नभए समितिले नै व्यवस्थापन पाटोतर्फ जान जरुरी रहेको छ,' बोहरा भन्छन्, 'राष्ट्रिय प्रसारण लाइनका लागि टेन्डर गरेर काम अघि सारेका कारण पालिकाले राष्ट्रिय प्रसारण लाइन जोड्न बढीध्यान केन्द्रित गरेको हो।'

सडक कालोपत्रेपछि गाउँले दंग

विश्वनाथ सिम्खाडा/ राजधानी
कालिकोट

कालिकोट रास्कोट नगरपालिका केन्द्र र आसपासमा पहिलोपटक सडक कालोपत्रे हुँदा स्थानीय दंग परेका छन्। कर्णालीका १० जिल्लामध्ये कालोपत्रे हुनेमा रास्कोट पहिलो हो।

सघन सहरी तथा भवन निर्माण आयोजना जुम्लाको ११ करोड ६० लाख लागतमा हामी बसना निर्माण जेभी सुर्खेतले गत वैशाखदेखि निर्माण थालेको थियो।

१८ महिनामा निर्माण सकिनुपर्ने कम्पनी र कार्यालयको सम्झौता रहे पनि बसना निर्माण जेभीले ८ महिनामै ३९ सटरवाला मिनी मार्केट पक्की भवन र ६ सय ६ मिटर सडक कालोपत्रे गरेको हो।

११ करोड ६० लाख रकममै मिनी मार्केट, ६ सय ६ मिटक सडक कालोपत्रे, फापर माण्डु कालाशिल्ला मन्दिरसँगै शौचालयसमेत निर्माण गरेको कम्पनीका सञ्चालक मानब बम बताउँछन्। 'पहिलोपटक ग्रामीण सडक कालोपत्रे हुनु गौरवको विषय हो। हामीले पाबिधिक जाँचपासकै आधारमा कालोपत्रे र भवन निर्माण गरेका छौं,' उनले भने, 'पछिल्लो समय यहाँ मात्र होइन, देशका बिभिन्न क्षेत्रमा निर्माणमा ढिलासुस्ती भइरहेको जनगुनासो आएका बेला हामिले १८ महिनाको समय ८ महिनामै सम्पन्न गरेका छौं।'

रास्कोट नगरपालिका प्रमुख धर्मराज शाही, जुम्ला आयोजना, राजनीतिक दलले संयुक्त रूपमा अनुगमन गरेको बम बताउँछन्। एक वर्षसम्म कालोपत्रे उप्केको खण्डमा निर्माण कम्पनी र आयोजनाले मर्मत गर्ने प्रतिबद्धतासमेत जनाएका छन्।

कर्णाली राजमार्गमा मात्र सडक कालोपत्रे देखेका नागरिक गाउँमै कालोपत्रे हुँदा विकास प्रत्यक्ष महसुस भएको स्थानीय जहले दर्जी बताउँछन्। 'हामी बुबाबाजेको पालामा बर्दियाको राजापुरदेखि पिठ्ठयुमा भारी बोकर हामीलाई पालेका हुन्। हामी दैलेखको टुनिबगर, राकम, खड्किज्युलाबाट भारी बोकेर नुनचामल ल्याउथ्यौं,' उनी सम्झिन्छन्, 'अहिले घरसम्मै गाडी चल्छन्। हेर्दाहेर्दै गाउँमै कालोपत्रे भयो, साँच्चिकै विकास भनेको यहीं रहेछ, देख्न र भोग्न पाइयो।'

कैलालीमा लागूऔषधका मुद्दा दोब्बर

दीपक ओली/ राजधानी
डनगढी

कैलालीमा लागूऔषधका मुद्दामा दोब्बरले वृद्धि भएको पाइएको छ।

जिल्ला प्रहरी कार्यालय, कैलालीको तथ्यांकअनुसार आर्थिक वर्ष २०७७/७८ मा ९१ लागूऔषध सेवन तथा कारोबारका मुद्दा दर्ता भएका थिए। यो संख्या आर्थिक वर्ष २०७८/७९ मा बढेर २ सय १ पुगेको हो। गत आर्थिक वर्षमा यो संख्या बढेर दोब्बर अर्थात् ३ सय ४८ पुगेको छ।

चालु आर्थिक वर्षको हालसम्म मात्र जिल्लामा थप १ सय ४६ लागूऔषधका मुद्दा दर्ता भएका छन्। जिल्लामा प्रत्येक वर्ष दोब्बरले मुद्दा संख्या वृद्धि हुँदै गएको हो।

जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुलदीप चन्दले लागूऔषधका मुद्दा प्रत्येक वर्ष वृद्धि हुँदै गएको बताए। विशेषगरी काउनसुगर सेवनकर्ताको संख्या बढेको उनी बताउँछन्। कैलालीबाहेकका जिल्लाका पयोगकर्ताले नपाएको पनि उनले सुनाए।

तर, कैलालीका पयोगकर्ताले भारतीय बजारमा सहज रूपमा पाउने गरेका छन्। तीन किलोमिटरमा भारतीय बजार छन। कैलालीमा २०७७/७८ देखि लागूऔषधका सेवनकर्ता र कारोबारी दोब्बरले बढ्दै पाइएको हो। भारतीय बजारमा लागूऔषध सुलभता र खुला सिमानाका कारण कारोबारी र सेवनकर्ता संख्या बढ्दै गएको हो।

भारतबाट पयोगकर्ताले नै लागूऔषध कैलालीसम्म ल्याउने गरेका छन्। किशोर तथा युवा उमेर समूहकाले यसको पयोग र कारोबार गर्दै आएको पाइएको छ। कैलालीमा लागूऔषध सहज रूपमा नपाउने भए पनि भारतबाट पयोगकर्ताले नै भित्र्याउने गरेका छन्।

चन्द पयोगकता नै कारोबारीसमेत रहेको बताउँछन्। 'पयोगकर्ता छन्। कारोबारी पनि छन्। कारोबारी नभए, पयोगकर्ताले कताबाट पाउने ? पयोगकर्ताले नसालाई निरन्तरता दिनका लागि कारोबारसमेत गर्दै आएका छन,' उनले भने।

भारतीय बजारमा लागूऔषध सुलभता रहेकाले पयोकर्ता भारतीय बजारकेन्द्रित भएका छन्। कैलालीमा लागूऔषधका मुद्दा सबैभन्दा बढी छन्। जिल्लामा दर्ता हुने मुद्दामा ७५ प्रतिशत मुद्दा लागूऔषधकै रहेको पाइएको छ।

जिल्ला प्रहरी कार्यालय, कैलालीका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुलदीप चन्द जिल्लामा सेवनकर्ताले नै लागूऔषध कारोबार गर्दै आएको बताउँछन्।

हत्या अभियोगमा दम्पती पक्राउ

राजधानी संवाददाता
खोटाङ

खोटाङमा महिलाको हत्या गरी लुटपाटमा संलग्न भएको अभियोगमा दम्पती पक्राउ परेका छन्। दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१० पाथेका नाखामकी ३६ वर्षीया पबित्रा तामाङको हत्या गरी गरगहना लुटपाट गरेको अभियोगमा प्रहरीले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१२ जालपाका दम्पती ३३ वर्षीय दीपक श्रेष्ठ र २५ वर्षीया सिर्जना राईलाई पक्राउ गरेको हो।

कर्तव्य ज्यान मुद्दामा फरार पतिबादी दम्पतीलाई जिल्ला प्रहरी कार्यालय खोटाइले बुधबार पत्रकार सम्मेलन गरेर सार्वजनिक गरेको हो।

पतिबादीलाई ललितपुर महानगरपालिका-३ बोजेपोखरीबाट गत ११ पुसमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय खोटाङका डीएसपी पुरुषोत्तम खड्काले जानकारी दिए।

श्रेष्ठलाई तामाङको हत्या गरी लुटपाट गरेको तथा राईलाई श्रीमान्ले गरेको अपराध ढाकछोपमा मतियारका रूपमा सघाएको आधारमा पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पतिबादीलाई जिल्ला प्रहरी कार्यालयमा लगेर म्याद थप गरी अनुसन्धान कार्य अघि बढाइएको छ। गत १९ मसिर राति ८ बजेपछि घरबाट हराएकी तामाङ ३ पुसमा अन्दाजी ३ सय मिटर टाढा रहेको बर्खे गोठमा शकास्पद अवस्थामा मृत फेला परेकी थिइन्। उनको शव पाल्लेको पत्करले छोपिएको अवस्थामा फेला परेको थियो।

अनुसन्धानका क्रममा विवाह गर्ने अगाडिदेखि नै श्रेष्ठ र तामाङबीच सम्पर्क रहेको खुलेको छ। ससुरालीमा जेठान दाइको विवाहमा जानका लागि 'अनलाइन सपिङ' गरेको सामानको पैसा जुटाउन श्रेष्ठले तामाङको हत्या गरेको देखिएको डीएसपी खड्काले जानकारी दिए।

'अनलाइन सपिङ'को सामान लिन १९ मसिरमा दिक्तेल पुगेका श्रेष्ठ सामान नलिई घटना घटाएर मार्दै राति घर पुगेको खुलेको छ। तामाङको लुटिएको सुन सहकारीमा लगेर राखेर पैसा जुटाएपछि श्रेष्ठ श्रीमती लिएर ससुराली सुर्खेल पुगेका थिए। २५ मसिरमा बाख्रिलामा खाना खाएका अभियुक्त दम्पती घर पुगेर ३० मसिरमा काठमाडौं पुगेको देखिएको प्रहरीले जनाएको छ।

तामाङ चार छोरीकी आमा हुन्। छोरा नजन्माएको भन्दै श्रीमानसँग झटपट भएपछि उनी ९ महिनाअघि सम्बन्धबिच्छेद गरेर माइती घर फर्किएकी थिइन्। तीन छोरी श्रीमानसँगै छाडेकी पबित्रा कान्छी छोरी लिएर माइतीघरमा बुबाआमासँग बस्दै आएकी थिइन्।

Provincial Government
Ministry of Water Supply, Irrigation and Energy

Water Resources and Irrigation Development Division

Koshi Province, Okhaldhunga, Nepal
Invitation for Bids No: **01/2080-81**

Invitation for Bids

Date of Publication:- 2080/09/20 (Jan. 5, 2024)

1. Water Resources and Irrigation Development Division Koshi Province , Okhaldhunga, Nepal invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.

S.N.	Contract ID	Name of Project	Estimated Amount with VAT (NRs.)	Bid Document Fee (NRs.)	Bid Security Amount (NRs.)	Pre Bid meeting Date	Last Date of Bid Purchasing	Last date of Bid Submission	Bid opening date	Bid validity Period	Remarks
1	WRIDD-OKHL/SKOMIP/ NCB-01/2080-81	Supare khola okhreni Mishragaun Irrigation Project	19833927.16	3000	546000	2080/10/09 on 13:00	2080/10/20 on or before 17:00	2080/10/21 on or before 12:00	2080/10/21 on 12:30	Min.90 Days from Bid Opening Date which shall be valid for 30 days beyond the validity period of the bid.	1S1E
2	WRIDD-OKHL/PKMGDIP/ NCB-02/2080-81	Patale Khola Muhan Gari Devitar Irrigation Project	11598471.69	3000	318000						
3	WRIDD-OKHL/SeleIP/ NCB-03/2080-81	Selele Khola Irrigation Project	15730209.87	3000	433000						
4	WRIDD-OKHL/JPSBIP/ NCB-04/2080-81	Jhagarae Puchhar Serabesi Bagaicha Irrigation Project		3000	567000						1S2E

2. Eligible Bidders may obtain further information at the office of Water Resources and Irrigation Development Division koshi Province, Okhaldhunga,Nepal .Telephone No:-037-520211 Or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.
3. Bidder have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document stated in the above table in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: **Rastriya Banijya Bank** Name of Office: Water Resources and Irrigation Development Division Koshi Province, Okhaldhunga, Nepal, Office Code no.: **3130210011**.Office Account no.: **1000100200010000**. Rajaswa (revenue) Shirshak no. : **14229**.
4. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in the following deposit account and the bidders should submit bank deposit voucher in www.bolpatra.gov.np/egp. along with the bid.

   Dharauti Account No. & Name.: **2070100202030000 & Province account unit office** Name of Bank : **Rastriya Banijya Bank Ltd.** Office Code: **3130210011**

   Name of Office : Water Resources and Irrigation Development Division koshi Province, Okhaldhunga, Nepal

Division Chief

CamScanner